२०८१

एक महिने प्रमाणीकरण तालिम पाठ्यक्रम

# सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा

## आधारभूत तह (कक्षा ६-८)


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

**विषयसूची**


| क्र. स. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | परिचय | १ |
| २. | सक्षमता | २ |
| ३. | तालिमको संरचना | २ |
| ४. | विषयवस्तु | ४ |
| ५. | तालिम कार्यान्वयन कार्यविधि | ६ |
| ६. | मूल्याङ्कन | ८ |
| ७. | परियोजना कार्य | ११ |

## १. परिचय

शिक्षक शिक्षण सिकाइ प्रक्रियाको मुख्य कार्यान्वयनकर्ता हो । शिक्षकले नै पाठ्यक्रमले तोकेका र समाजको आवश्यकताअनुसारका सिकाइ उपलब्धिहरू हासिल हुने गरी शिक्षण सिकाइ कार्य सञ्चालन गर्ने हुँदा शिक्षकलाई समयसापेक्ष अद्यावधिक गराउँदै जानुपर्दछ । बालबालिकामा उनीहरूको तह, उमेर, सिकाइ क्षमता, व्यक्तिगत विभिन्नताका आधारमा शिक्षण गर्नु जटिल कार्य हो । यसलाई सहज ढङ्गबाट अगि बढाउन शिक्षकमा पनि विशेष ज्ञान सिप र धारणाको विकास हुनु जरुरी हुन्छ । त्यसैगरी परिवर्तित विश्व परिवेशमा विकास भएका नयाँ विधि र प्रविधिलाई आत्मसात् गर्दै विश्व समुदायमा प्रतिस्पर्धी शिक्षक तयारीका लागि तालिमको आवश्यकता हुन्छ ।

सामाजिक अध्ययन विषयको मुख्य उद्देश्य असल नागरिक तयार पार्नु हो । यसका लागि बालबालिकामा समस्या समाधान गर्न सक्ने, सिर्जना गर्न सक्ने, सामाजिकीकरण हुन सक्ने, सहकार्य गर्न सक्ने र समयसापेक्ष समायोजन हुँदै आफ्नो देश विकासमा सहभागी हुन प्रेरित गर्ने जस्ता सक्षमताहरू एवम्जीवनोपयोगी सिपको विकास गर्नु आवश्यक हुन्छ । यसका लागि विशेष प्रकारको शिक्षण सिकाइ सिप र रणनीतिको आवश्यक हुने हुनाले समसामयिक परिवर्तन, विश्वमा विकास भएको नवीनतम प्रविधि र समाजको अपेक्षा समेतलाई समेटेर बालबालिकामा आवश्यक ज्ञान, सिप धारणा हासिल गराउन सक्ने तालिमको आवश्यकता पर्दछ । त्यसैले समसामयिक र सान्दर्भिक विषयवस्तुका साथ तालिम सञ्चालन गर्न यस तालिम पाठ्यक्रमको विकास गरिएको हो ।

यस एक महिने प्रमाणीकरण तालिमलाई दुई खण्डमा विभाजन गरिएको छ । जसअनुसार पहिलो खण्डको १५ दिन तालिम केन्द्रमा आधारित कार्यशाला र दोस्रो खण्डको १५ दिन विद्यालयमा गर्नुपर्ने कार्यहरू समावेश गरी यो पाठ्यक्रम तयार गरिएको छ । शिक्षण पद्धतिमा परम्परागत सोच र प्रणाली त्यागेर समसामयिक बनाइनु आजको आवश्यकता हो । यसै सन्दर्भलाई मध्यनजर गर्दै सामाजिक अध्ययन शिक्षणलाई अझ समसामयिक र सान्दर्भिक बनाउने प्रयास स्वरूप यो शिक्षक तालिम पाठ्यक्रमको विकास गरिएको हो ।

## २. सक्षमता

तालिमपश्चात् शिक्षकहरूमा निम्नअनुसारका सक्षमता विकास हुने छन् :

- सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षाको पाठ्यक्रम र पाठ्यसामग्रीको अन्तरसम्बन्ध बोध र प्रयोग
- सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षाका विषयवस्तुहरूको बोध र सहजीकरण
- सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयका सिपको विकास र प्रयोग
- सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षासँग सम्बन्धित सिकाइ सहजीकरणका विभिन्न प्रक्रिया तथा विधिहरू पहिचान र प्रयोग
- शैक्षिक सामग्रीको सङ्कलन, निर्माण, प्रयोग र संरक्षणका उपायहरूको खोजी
- सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयको शिक्षण सिकाइमा सूचना प्रविधिको महत्त्व बोध र प्रयोग
- आन्तरिक मूल्याङ्कनका साधन तथा प्रक्रियाको बोध र प्रयोग
- विशिष्टीकरण तालिकाको आधारमा प्रश्नपत्र तथा उत्तरकुञ्जिका निर्माण र प्रयोग
- सिकाइमा शैक्षणिक योजनाहरूको निर्माण र प्रयोग
- परियोजना कार्य, कार्यमूलक अनुसन्धान र पाठ अध्ययनको अवधारणा तथा प्रक्रिया बोध र व्यावहारिक अभ्यास

## ३. तालिमको संरचना

- प्रमाणीकरण तालिम ३० कार्य दिनको हुने छ।
- ३० कार्यदिनलाई १५/१५ कार्यदिन हुने गरी दुई खण्डमा विभाजन गरिने छ।
- पहिलो खण्डको १५ कार्य दिने तालिम आमनेसामने (Face to face), अनलाइन (Online) तथा मिश्रित (Blended) पद्धतिमा आधारित भई समकालिक (Synchronous) र असमकालिक (Asynchronous) विधिहरूको प्रयोग गरिने छ ।
- दोस्रो खण्डको १५ कार्य दिने विद्यालयमा आधारित तालिमको क्रियाकलापहरू पहिलो खण्डको तालिम समाप्त भएको मितिले ६० दिनभित्र तल तालिकामा दिइएका कार्यहरू सम्पन्न गर्नुपर्ने छ र सम्पादन गरेका कार्यहरूको विस्तृत प्रतिवेदन तयार गरी शिक्षा तालिम केन्द्रले निर्धारण गरेको मितिमा अनिवार्य रूपमा प्रस्तुतीकरण गर्नुपर्ने छ।

**विद्यालयमा आधारित तालिमका क्रियाकलापहरू**

| क्र.स. | क्रियाकलाप | भार (कार्यदिन) |
|---|---|---|
| १. | कम्तिमा १० ओटा पाठयोजनासहित अभ्यास शिक्षण | ३ |
| २. | शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP) | २ |
| ३. | कार्यमूलक अनुसन्धान | २ |
| ४. | पाठ अध्ययन अभ्यास (Lesson Study Practice) (योजना, कार्यान्वयन, प्रतिबिम्बन र सुधार) | २ |
| ५. | सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग | २ |
| ६. | सम्बन्धित विषय शिक्षणमा पूरक सामग्रीको उपयोग | २ |
| ७. | पन्ध्र दिनको आमनेसामने वा अनलाइन वा मिश्रित विधिमा तालिम पाठ्यक्रमअनुसार निर्धारण गरिएका विषयवस्तुमा आधारित भई क्रम सङ्ख्या ६ सम्मका विषयवस्तुसँग नदोहोरिने गरी अन्य परियोजना कार्य | २ |
| जम्मा दिन | | १५ |

## ४. विषयवस्तु

| क्र.स. | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सत्र भार |
|---|---|---|---|
| १. | पाठ्यक्रम र पाठ्यसामग्री | • सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षाको पाठ्यक्रम चिनारी<br>• पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोग | २ |
| २. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयका विषयवस्तु | • समाजको उत्पत्ति र विकासका चरणहरू | १ |
| | | • मानव मूल्य मान्यताको अवधारणा, पहिचान, प्रयोग र सम्मान<br>• मानव मूल्यमा अधारित सिकाइ सहजीकरण | २ |
| | | • स्थानीय तह, प्रदेश र सङ्घीय सरकारको गठन प्रक्रिया र यसका कार्यहरू<br>• सङ्घीय व्यवस्थापिकाको गठन र कार्य<br>• न्यायपालिका र यसका कार्य | २ |
| | | • मानव सभ्यता र तिनको प्रभाव (मिथिला, सिँजा, सिन्धु, युनानी र रोम सभ्यता) र यसले जनजीवनमा पारेको प्रभाव बताउन<br>• नेपाल अङ्ग्रेज युद्ध परिचय र परिणाम<br>• मध्यकालीन नेपालको राजनीतिक, सामाजिक र आर्थिक र अवस्था | ३ |
| | | • पृथ्वीको बनोट<br>• पृथ्वीको दैनिक गति र वार्षिक गति एवम् त्यसले मानव जीवनमा पार्ने प्रभाव<br>• ऋतु परिवर्तन र त्यसको प्रभाव | ४ |

| | | | |
|---|---|---|---|
| | | • धरातलीय स्वरुपमा परिवर्तन ल्याउने तत्वहरू<br>• अक्षांश र देशान्तरको अवधारणा र प्रयोग<br>• नक्सासम्बन्धी सिप | |
| | | • जनसाङ्ख्यिक तत्त्व र मापन प्रक्रिया | १ |
| ३. | सामाजिक अध्ययनका सिप | • प्रयोगात्मक सिपको अभ्यास : समयरेखा, चार्ट, तथ्याङ्क प्रस्तुति (वृत्त चित्र, स्तम्भ चित्र, रेखा चित्र)<br>• सिर्जनात्मक सिपको अभ्यास ( समाचार, सम्पादकीय, सवाद, चिठी, पोस्टर, प्ले कार्ड, ब्यानर ) | ३ |
| ४. | सामाजिक अध्ययनमा सिकाइ सहजीकरण प्रक्रिया र विधि | • परियोजना विधि<br>• सर्वेक्षण विधि<br>• समालोचनात्मक चिन्तन विधि<br>• समस्या समाधान विधि<br>• खेल विधि<br>• प्रयोगात्मक विधि<br>• घटना अध्ययन विधि<br>• सहयोगात्मक सिकाइ | ३ |
| ५. | सूचना प्रविधि | • सामाजिक अध्ययनमा सूचना प्रविधिको प्रयोग (स्रोतको खोजी, सामग्री निर्माण र प्रयोग) | ३ |
| ६. | शैक्षणिक सामग्री | • शैक्षणिक सामग्री छनोट, सङ्कलन र निर्माण | २ |
| ७. | विद्यार्थी | • आन्तरिक मूल्याङ्कन प्रक्रिया, साधन र अभ्यास (समाजमिति तालिका, श्रेणीमापन | ४ |

| | | | |
|---|---|---|---|
| प्र त्ये क | मूल्याङ्कन | फाराम, रुब्रिक्स, रुजुसूची, सञ्चित अभिलेख)<br>• विशिष्टीकरण तालिकाअनुसार उत्तर कुञ्जिकासहित प्रश्न निर्माण र अभ्यास | |
| ८. स | शिक्षण अभ्यास | • शिक्षण योजना निर्माण<br>• शैक्षिक सामग्री खोज र निर्माण<br>• नमुना शिक्षण प्रस्तुति | ६ |
| त्र ९. | कार्यमूलक अनुसन्धान | • कार्यमूलक अनुसन्धान अवधारणा, प्रक्रिया र अभ्यास | ३ |
| १ १०. | पाठ अध्ययन | • पाठ अध्ययन अवधारणा र अभ्यास | ३ |
| घ ११. | परीक्षा र परियोजना कार्य | • सहभागीको परीक्षा<br>• परियोजना कार्यको अभिमुखीकरण | २ |
| न्टा १२. ३ | कार्ययोजना निर्माण तथा मूल्याङ्कन | • कार्ययोजना निर्माण<br>• तालिम मूल्याङ्कन | १ |
| प्र | **जम्मा** | | **४५** |

प्रत्येक सत्र १ घण्टा ३० मिनेटको हुने छ ।

## ५. तालिम कार्यान्वयन कार्यविधि

- यस तालिमको लक्षित समूह आधारभूत तह कक्षा ६-८ मा अध्यापनरत शिक्षकहरू हुने छन् । सहभागी छनोट गर्दा देहायका प्राथमिकताका आधार अवलम्बन गरिने छ :
  - (अ) प्रमाणीकरण तालिम नलिएका स्थायी शिक्षक
  - (आ) प्रमाणीकरण तालिम नलिएका अन्य शिक्षक
- प्रदेशस्थित शिक्षा तालिम केन्द्रमार्फत सञ्चालन हुने यस प्रमाणीकरण तालिमका सहभागीहरू स्थानीय तहबाट छनोट भएका हुने छन् ।

- शिक्षक पेसागत विकासका लागि प्रमाणीकरण तालिम शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृत पाठ्यक्रम र सोका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र वा शिक्षा तालिम केन्द्रबाट विकास गरिएका प्रशिक्षक निर्देशिका, प्रशिक्षार्थी स्रोत सामग्री र अन्य आवश्यक सामग्रीका आधारमा सञ्चालन गरिने छ।
- शिक्षा तालिम केन्द्रले प्रमाणीकरण शिक्षक तालिम सञ्चालन गर्दा स्थानीय आवश्यकतालाई समेट्ने गरी स्वीकृत तालिम पाठ्यक्रममा २०% सम्म विषयवस्तु अनुकूलन गरी सञ्चालन गर्न सक्ने छन् ।
- यस तालिमसम्बन्धी प्रशिक्षक प्रशिक्षणमा सहभागी भएका प्रदेश शिक्षा तालिम केन्द्रका प्रशिक्षक वा रोस्टर प्रशिक्षकबाट तालिम सत्र सहजीकरण गरिने छ ।
- तालिमका सत्र सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चार प्रविधिलाई अधिकतम उपयोग गर्नुपर्ने छ ।
- तालिमका लागि आवश्यक सामग्रीहरू तालिम सञ्चालन अगावै व्यवस्था गर्नुपर्ने छ ।
- सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दिँदै आवश्यकताअनुसार देहायबमोजिमका विधि उपयोग गर्न सकिने छः
  - साझा तथा खुला मञ्चहरूको प्रयोग
  - समकालिक (Synchronous) र असमकालिक (Asynchronous) विधि
  - स्वाध्याय विधि
  - अनुसन्धानात्मक विधि
  - प्रतिबिम्बात्मक विधि
  - परियोजना विधि
  - दूर सिकाइ विधि
  - अन्तरक्रिया तथा छलफल विधि
  - प्रदर्शन तथा नमुना अभ्यास शिक्षण विधि
  - जोडी कार्य तथा समूह कार्य विधि
  - समस्या समाधान
- एक महिने प्रमाणीकरण तालिमको दोस्रो खण्डका लागि तोकिएको परियोजना कार्य सम्पादन गर्न सन्दर्भ सामग्री अध्ययन, विज्ञसँगको परामर्श तथा प्रतिवेदन लेखन गर्नु मूलत: प्रत्येक प्रशिक्षार्थीको दायित्व हुने छ । यस कार्यका लागि प्रशिक्षार्थीलाई आवश्यक परेमा इमेल वा

फोनमार्फत वा प्रत्यक्ष भेट गरी सम्बन्धित प्रशिक्षकबाट मार्गदर्शन प्राप्त गर्ने सुविधा उपलब्ध हुने छ ।

- तालिमको अन्त्यमा शिक्षक पेसागत विकास प्रारूप (परिमार्जन संस्करण), २०८० अनुसार मूल्याङ्कन र शैक्षिक जनशक्ति विकास परिषद्को निर्णयबमोजिम प्रमाणीकरण गरिने छ । तालिमको प्रमाणीकरणपश्चात् सम्बन्धित शिक्षा तालिम केन्द्रबाट प्रमाणपत्र प्रदान गरिने छ ।

## ६. मूल्याङ्कन

(क) तालिममा सहभागी शिक्षकको मूल्याङ्कनको कुल भार १०० अङ्कको हुने छ।

(ख) मूल्याङ्कनका आधार र अङ्क विभाजन तलको तालिकामा उल्लेख भएअनुसार हुने छ।

| क्र.स. | मूल्याङ्कनका आधार | अङ्क |
|---|---|---|
| **पहिलो खण्ड : आमनेसामने, अनलाइन तथा मिश्रित (Blended) पद्धतिमा आधारित कार्यशाला** | | |
| **१.** | **सहभागिता** | **१५** |
| १.१ | उपस्थिति | ३ |
| १.२ | छलफल तथा प्रस्तुतीकरणमा सक्रियता | ६ |
| १.३ | आचारसंहिताको पालना | ३ |
| १.४ | तालिमप्रतिको प्रतिबद्धता | ३ |
| **२.** | **लिखित परीक्षा** | **३०** |
| **३.** | **विद्यालयमा आधारित तालिमका क्रियाकलाप सञ्चालनका लागि कार्ययोजना निर्माण** | **५** |
| | **जम्मा** | **५०** |
| **दोस्रो खण्ड : विद्यालयमा आधारित तालिमका क्रियाकलापहरू** | | |
| १. | कार्यसम्पादन | २१ |
| २. | प्रतिवेदन | २१ |
| ३. | प्रस्तुतीकरण | ८ |
| | **जम्मा** | **५०** |
| **दुवै खण्डको कुल जम्मा** | | **१००** |

(ग) तालिममा अनुपस्थित रहँदा प्रति सत्र ०.५ अङ्क घटाइने छ र तीन सत्र वा सोभन्दा बढी अनुपस्थित हुने सहभागीको तालिम पूरा नभएको मानिने छ।

(घ) तिस अङ्कको लिखित परीक्षाका लागि १० ओटा बहुवैकल्पिक प्रश्नमा ५ अङ्क, ५ ओटा संक्षिप्त उत्तरात्मक प्रश्नमा १५ अङ्क र २ ओटा लामो उत्तरको प्रश्नमा १० अङ्क छुट्याइने छ । तालिमको वैधताका लागि तालिम पाठ्यक्रम समेट्ने गरी विशिष्टीकरण तालिका निर्माण गरी प्रश्न पत्र निर्माण गरिने छ ।

(ङ) शिक्षकले तोकिएका कार्यहरू विद्यालयका प्रधानाध्यापकसँगको समन्वय, सहकार्य, सहयोग र सहजीकरणमा सम्पादन गर्नुपर्ने छ ।

(च) शिक्षकले सम्पादन गरेका कार्यहरूको प्रतिवेदन सम्बन्धित विद्यालयका प्रधानाध्यापकबाट र प्रधानाध्यापकले सम्पादन गरेका कार्यहरूको प्रतिवेदन स्थानीय तहको शिक्षा शाखा वा शाखाले तोकेको विज्ञबाट प्रमाणित गरेको हुनुपर्ने छ।

(छ) विद्यालयमा आधारित तालिम क्रियाकलापको मूल्याङ्कनका आधारहरू निम्नबमोजिम हुने छः

| **क्र.स.** | **क्षेत्र** | **मूल्याङ्कनका आधार** | **अङ्क** |
|---|---|---|---|
| १. | कार्यसम्पादन | १. कम्तीमा १० ओटा पाठयोजनासहित अभ्यास शिक्षण<br>२. शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP)<br>३. कार्यमूलक अनुसन्धान<br>४. पाठ अध्ययन अभ्यास (Lesson Study Practice)<br>५. सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग<br>६. सम्बन्धित विषय शिक्षणमा पूरक सामग्रीको उपयोग<br>७. १५ दिनको आमनेसामने वा अनलाइन वा मिश्रित विधिमा तालिम पाठ्यक्रमअनुसार निर्धारण गरिएका विषयवस्तुमा आधारित भई क्रम सङ्ख्या छसम्मका विषयवस्तुसँग | ७ × ३ = २१ |

| | | | |
|---|---|---|---|
| | | नदोहोरिने गरी अन्य परियोजना कार्य | |
| २. | प्रतिवेदन | प्रतिवेदनको गुणस्तरीयता<br>१. ढाँचा<br>२. विषयवस्तुको प्रस्तुति<br>३. विश्वासनीय प्रमाणहरू | ७ ओटा प्रतिवेदन × ३ = २१ |
| ३. | प्रस्तुतीकरण | १. आत्मविश्वास<br>२. प्रस्तुतीकरण शैली<br>३. तर्कपूर्ण अभिव्यक्ति<br>४. प्रतिबिम्बन | ८ |

(ज) सहभागीले प्राप्त गरेको अङ्कलाई निम्नअनुसार श्रेणी विभाजन गरिने छः

| क्र.स. | श्रेणी | अङ्क |
|---|---|---|
| १. | विशिष्टतासहितको प्रथम श्रेणी | ९० र सोभन्दा माथि |
| २. | प्रथम श्रेणी | ८० देखि ९० अङ्कभन्दा कम |
| ३. | द्वितीय श्रेणी | ६५ देखि ८० अङ्कभन्दा कम |
| ४. | तृतीय श्रेणी | ५० देखि ६५ अङ्कभन्दा कम |
| ५. | अनुत्तीर्ण | ५० भन्दा कम अङ्क |

(झ) तालिममा सफल हुन दुवै खण्डमा कम्तीमा ५०/५० प्रतिशत अङ्क प्राप्त गर्नुपर्ने छ।

## ७. परियोजना कार्य

दोस्रो खण्डका लागि विद्यालयमा आधारित परियोजना कार्यहरू निर्धारण गरिएका छन् । प्रत्येक परियोजनाको परिणामका (Output) रूपमा प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरूपको अलग अलग प्रतिवेदन दस्तावेज शिक्षा तालिम केन्द्रसमक्ष अनिवार्य रूपमा पेस गर्नुपर्ने छ :

**परियोजना कार्य १ : पाठयोजनामा आधारित शिक्षण अभ्यास**

- दिइएको ढाँचामा कम्तीमा फरक फरक १० ओटा पाठयोजना तयारी गर्ने

- प्रत्येक पाठयोजनाका आधारमा शैक्षणिक सामग्री विकास गर्ने
- प्रधानाध्यापकबाट सबै पाठयोजना प्रमाणित गर्ने
- पाठयोजनाका आधारमा कार्यतालिकाबद्ध शिक्षण अभ्यास गर्ने
- विद्यार्थीको सिकाइको अवस्था तथा आफ्नो सिकाइ सहजीकरण अनुभव समेटी प्रतिवेदन तयार गर्ने

नोट : यस कार्यअन्तर्गत अन्य परियोजना कार्यले नसमेटेका विषयवस्तु शिक्षणका लागि मात्र पाठयोजना तयार गर्ने

**परियोजना कार्य २ : शिक्षण सुधार योजना** (Teaching Improvement Plan-TIP)

- शिक्षकले आफ्नो शिक्षण सुधारका लागि आधारभूत तह कक्षा ६-८ का लागि दिइएको ढाँचामा शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP) र सोको कार्यान्वयनको उपलब्धि प्रतिवेदन तयार पार्ने

**शिक्षण सुधार योजना (TIP)**

शिक्षकको नाम : ..........................................

विद्यालयको नाम : ..................................................

योजना अवधि : २०८ ............................ महिनादेखि २०८ ........................ महिनासम्म

| क्र. स. | सूचक | मौजुदा स्थिति (Baseline) | अपेक्षित लक्ष्य | लक्ष्य पूरा गर्न सम्पादन गरिने मुख्य कार्यहरू |
|---|---|---|---|---|
| १. | विद्यार्थीको औसत उपलब्धि/प्राप्ताङ्क | | | |
| (क) | कक्षा ............<br>विषय ............. | | | |
| (ख) | कक्षा ............<br>विषय ............. | | | |
| २. | स्वमूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगका स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | |

| क्र. स. | सूचक | मौजुदा स्थिति (Baseline) | अपेक्षित लक्ष्य | लक्ष्य पूरा गर्न सम्पादन गरिने मुख्य कार्यहरू |
|---|---|---|---|---|
| ३. | प्रतिदिन क्रियाकलाप विवरण तयारीसहितको शिक्षण गरेको पाठ सङ्ख्या | | | |
| ४. | स्वमूल्याङ्कनका आधारमा प्रभावकारी शिक्षणका निमित्त विद्यालय प्रअबाट प्राप्त सहयोगको स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | |
| ५. | प्रशिक्षक/रोस्टर प्रशिक्षक/शिक्षा अधिकृत/प्रधानाध्यापकबाट शिक्षकलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्श सम्पन्न हुने पटक (तालिम अवधिभर) | | | |

| .................. | .................. | .................. | .................. |
|---|---|---|---|
| मिति | शिक्षकको दस्तखत | विद्यालयको छाप | प्रअको दस्तखत |

## शिक्षण सुधार योजना (TIP) उपलब्धि प्रतिवेदन

शिक्षकको नाम : .........................................

विद्यालयको नाम : .................................................

योजना अवधि : २०८ .......................... महिनादेखि २०८ ..........................महिनासम्म

| क्र. स. | सूचक | मौजुदा स्थिति Baseline) | अपेक्षित लक्ष्य | लक्ष्य पूरा गर्न सम्पादन गरिएका मुख्य कार्यहरू | प्रगति | कार्यसम्पादनको अनुभव |
|---|---|---|---|---|---|---|
| १. | विद्यार्थीको औसत उपलब्धि/प्राप्ताङ्क | | | | | |
| (क) | कक्षा ...........<br>विषय ............ | | | | | |


| क्र. स. | सूचक | मौजुदा स्थिति Baseline) | अपेक्षित लक्ष्य | लक्ष्य पूरा गर्न सम्पादन गरिएका मुख्य कार्यहरू | प्रगति | कार्यसम्पादनको अनुभव |
|---|---|---|---|---|---|---|
| (ख) | कक्षा ............<br>विषय ............. | | | | | |
| २. | स्वमूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगका स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | | | |
| ३. | प्रतिदिन क्रियाकलाप विवरण तयारीसहितको शिक्षण गरेको पाठ सङ्ख्या | | | | | |
| ४. | स्वमूल्याङ्कनका आधारमा प्रभावकारी शिक्षणका निमित्त विद्यालय प्रअबाट प्राप्त सहयोगको स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | | | |
| ५. | प्रशिक्षक/रोस्टर प्रशिक्षक/शिक्षा अधिकृत/प्रधानाध्यापकबाट शिक्षकलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्श सम्पन्न हुने पटक (तालिम अवधिभर) | | | | | |

.................. .................. .................. ..................

मिति शिक्षकको दस्तखत विद्यालयको छाप प्रअको दस्तखत

**परियोजना कार्य ३ : कार्यमूलक अनुसन्धान**

- शिक्षकले आफ्नो कार्यसम्पादन सुधारका लागि कुनै एउटा विषय क्षेत्रमा निम्नलिखित चक्रअनुसार कार्यमूलक अनुसन्धान गरी सोको प्रतिवेदन तयार पार्ने





**कायमूलक अनुसन्धानका लागि सम्भावित क्षेत्रहरू**

- शिक्षकलाई सिकाइ सहजीकरण गर्न तथा विद्यार्थीलाई सिक्न समस्या भएको विषयवस्तु शिक्षण
- फरक फरक सिकाइ स्तरका विद्यार्थीलाई उनीहरूको सिकाइ स्तरअनुसार शिक्षण
- विद्यार्थीका सिकाइ शैलीका आधारमा शिक्षण
- विद्यार्थीमा नेतृत्व क्षमता विकास
- विद्यार्थीको सिकाइमा सक्रिय सहभागिता
- कक्षामा शिक्षक र विद्यार्थीबिच अन्तरक्रिया
- विद्यार्थीमा समालोचनात्मक चिन्तन
- विद्यार्थी मूल्याङ्कन
- विद्यार्थी उपस्थिति
- विद्यार्थी सकारात्मक अनुशासन
- विद्यार्थीमा सहयोगी भावनाको विकास
- सिकाइमा विद्यार्थी उत्प्रेरणा
- विद्यार्थीमा स्वनिर्देशित सिकाइको बानी बसाउन

- विद्यार्थीमा सकारात्मक सोच विकास
- विद्यार्थीलाई उनीहरूको सिकाइ प्रति जम्मेवार बनाउनु
- विद्यार्थीमा सिकाइ संस्कृतिको विकास
- कक्षा व्यवस्थापन

**परियोजना कार्य ४ : पाठ अध्ययन (Lesson Study)**

- शिक्षण तथा विद्यार्थीहरूको सिकाइमा केन्द्रित भई शिक्षकले आफ्नो शिक्षणमा सुधार ल्याउन समूहमा कुनै एउटा पाठ शिक्षणका लागि तल दिइएको चक्रअनुसार पाठ अध्ययन गरी सोको प्रतिवेदन समेत तयार गर्ने



**परियोजना कार्य ५ : सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग**

- सामाजिक विषयको कुनै पाठ शिक्षणका लागि उपयुक्त वेवबेस सामग्रीको खोजी तथा सङ्कलन वा डिजिटल सामग्रीको खोजी, निर्माण तथा सम्पादन वा सफ्टवेयरहरूको पहिचान गर्ने
- खोजी, सङ्कलन, निर्माण तथा सम्पादन गरिएका ती सूचना तथा सञ्चार प्रविधिका सामग्री प्रयोग गरी पाठ शिक्षण गर्ने
- ती सामग्रीको प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीको सिकाइमा परेको प्रभाव तथा शिक्षण अनुभवसहितको प्रतिवेदन तयार गर्ने

**परियोजना कार्य ६ : सामाजिक अध्ययन तथा मानव मूल्य विषय शिक्षणमा पूरक सामग्रीको उपयोग**

- कुनै पाठ शिक्षणका लागि उपयुक्त पूरक सामग्री (सन्दर्भ सामग्री जस्तै : स्रोत सामग्री, थप पाठ्यसामग्री, पत्रपत्रिका, लेख, अनुसन्धान प्रतिवेदन आदि) को खोजी गर्ने
- सामाजिक विषयका विषयवस्तु शिक्षणमा ती पूरक सामग्री प्रयोग गर्ने
- प्रयोग गरिएका पूरक सामग्री (सन्दर्भ सामग्री) को नाम, प्रयोग गरिएको तरिका र शिक्षण अनुभवसहितको प्रतिवेदन तयार गर्ने

**परियोजना कार्य ७ : सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषय शिक्षणका विधि, सामग्री तथा विद्यार्थी मूल्याङ्कन आदि सम्बन्धी परियोजना कार्य**

तालिममा सहभागी शिक्षकले सामाजिक विषय शिक्षणका विधि, सामग्री तथा विद्यार्थी मूल्याङ्कन आदि सम्बन्धी तल दिइएका परियोजना कार्यमध्ये कुनै एउटा परियोजना कार्य सम्पादन गर्नुपर्ने छ :

**१. विविधतामा एकता (मानव मूल्यमा आधारित सिकाइ)**

- कक्षाका विद्यार्थीको फरक फरक जातिगत समूह निर्माण गर्ने
- जातीय परम्पराअनुसार आआफ्नो जातिमा गरिने जन्म संस्कार, मृत्यु संस्कार, विवाह संस्कार र चाडपर्वहरू घरमा सोधखोज गरेर सामूहिक रूपमा टिपोट गरेर प्रतिवेदन तयार गर्न लगाउने
- एक दिन शुक्रबारको दिनमा प्रत्येक समूहलाई आआफ्नो जातीय परम्पराअनुसारको परम्परागत पोसाक लगाएर आउनका लागि अनुरोध गर्ने र जातिगत समूहमा बस्न लगाउने

- आआफ्नो जातिगत समूहले निर्माण गरेको प्रतिवेदन एक जना टोलीनेतामार्फत पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउने
- एक समूहको प्रस्तुतीकरणमा अन्य समूहलाई थप केही जिज्ञासा भए सोध्न र आवश्यक पृष्ठपोषणसमेत दिन लगाउने
- अन्त्यमा शिक्षकले सबै समूहहरूलाई आवश्यक पृष्ठपोषणसहित धन्यवाद ज्ञापन गर्दै हाम्रो समाज पनि हाम्रो कक्षा जस्तै विविधतामा एकता भएको समाज हो र हामीले यस्तो विविधतालाई सम्मान गर्नुपर्छ भन्ने भाव प्रस्ट पारिदिने
- उल्लिखित समग्र क्रियाकलाप गराइरहँदा विद्यार्थीमा भएको सिकाइ उपलब्धिको प्रगति विवरण र समग्र क्रियाकलापहरूलाई समेत समेटेर प्रतिवेदन तयार गर्ने

## २. पृथ्वीको वार्षिक गति र दैनिक गति

- कक्षा ८ का विद्यार्थीलाई कुनै एउटा अँध्यारो कोठामा लैजाने
- टेबुलमा एकातिर ग्लोब र अर्कोतिर टर्च लाइट वा बत्ती बाल्न लगाउने
- ग्लोबलाई बायाँबाट दायाँतर्फ घुमाउने र विद्यार्थीहरूले के बुझे उनीहरूको अनुभव भन्न लगाउने
- विद्यार्थीको अनुभवलाई समेट्दै पृथ्वीको दैनिक गति र यसका प्रभावहरू सम्बन्धमा प्रस्ट हुने गरी छलफल गर्दै बताइदिने र त्यसपछि फेरी विद्यार्थीलाई पालैपालै प्रयोगात्मक अभ्यास गर्दै त्यसको परिणाम भन्न लगाउने
- विद्यार्थीलाई समूह समूहमा विभाजन गरी सामूहिक रूपमा पृथ्वीको वार्षिक गति देखाउने चित्र चार्टमा बनाएर कक्षामा प्रदर्शन र प्रस्तुतीकरण गर्न लगाउने
- सबै समूहको प्रस्तुतीकरणपछि विद्यार्थीले वार्षिक गति र यसको प्रभाव सम्बन्धमा के कति बुझे विचार गरी आवश्यक पृष्ठपोषणसहित निष्कर्ष सुनाउने
- पृथ्वीको वार्षिक गति, दैनिक गति र यसका प्रभावहरू सम्बन्धमा प्रयोगात्मक अभ्यास गरी सिकाइ सहजीकरण गर्दाको उपलब्धि र अनुभवहरूलाई लिएर प्रतिबिम्बन प्रतिवेदन तयार गर्ने

## ३. कानुन निर्माण प्रक्रिया

- कक्षाका विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी नेपाल सरकार, राष्ट्रिय सभा र प्रतिनिधि सभा बनाउने र एकजनालाई राष्ट्रपति बनाउने

- त्यसपछि कानुन निर्माण गर्नका लागि ककसले के के भूमिका निर्वाह गर्नुपर्ने हो त्यसको सम्बन्धमा आवश्यक सहजीकरण गर्ने
- नेपाल सरकारले प्रतिनिधि सभामा शिक्षासम्बन्धी विधेयक प्रस्तुत गरेको, उक्त विधेयकमा आधारित भई संसद्मा छलफल गरेको, प्रतिनिधि सभाले पारित गरेपछि राष्ट्रिय सभासमक्ष प्रस्तुत गरेको, राष्ट्रिय सभाले पनि विधेयक पारित गरी प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस गरेको र राष्ट्रपतिले उक्त शिक्षा विधेयक प्रमाणीकरण गरेपछि कानुन बनेको भूमिका अभिनय गर्न लगाउने
- उल्लिखित समग्र क्रियाकलाप गराइरहँदा विद्यार्थीहरूमा भएको सिकाइ उपलब्धिको प्रगति विवरण र समग्र क्रियाकलापहरूलाई समेत समेटेर प्रतिवेदन तयार गर्ने

**४. स्थानीय तहको भ्रमण र प्रतिवेदन लेखन**

- कक्षा ६ वा ७ का विद्यार्थीलाई स्थानीय तहमा वडा कार्यालयको भ्रमणमा लैजाने
- भ्रमणमा लैजानुभन्दा अगि वडा कार्यालयमा जनप्रतिनिधिलाई सोध्नका लागि प्रश्नावली तयार गर्न लगाउने
- वडा कार्यालयले प्रदान गर्दै आएका सेवा सुविधाहरू के के छन् सोधखोज गरी टिपोट गर्न लगाउने
- सेवा प्रदान गर्ने क्रममा आइपरेका समस्याहरू के के छन् सोधखोज गर्न र टिपोट गर्न लगाउने
- वडा कार्यालयमा जनप्रतिनिधिबाट प्राप्त उत्तरलाई समेटेर विद्यार्थीलाई प्रतिवेदन बनाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउने
- विद्यार्थीलाई स्थानीय तहमा भ्रमण गराएर जनप्रतिनिधिहरूलाई प्रत्यक्ष भेटघाट गरी प्रतिवेदन लेखन कार्य गर्न लगाउँदा विद्यार्थीमा पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि पूरा भए कि भएनन्, सिकाइ अनुभव भयो कि भएन जस्ता अनुभवलाई समेटेर प्रतिबिम्बन प्रतिवेदन तयार गर्ने

**५. विद्यार्थी मूल्याङ्कन (प्रश्न पत्र र उत्तरकुञ्जिका निर्माण)**

- आधारभूत तह कक्षा ६-८ को पाठ्यक्रमले तोकेका मूल्याङ्कनका आधारहरूको सूची तयार गर्ने
- बाह्य मूल्याङ्कनका लागि सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षाको विशिष्टीकरण तालिकाअनुसार प्रत्येक तहबाट तोकिएको सङ्ख्यामा प्रश्न र उत्तरकुञ्जिका निर्माण गर्ने

- ज्ञान र बोध तहबाट अति संक्षिप्त उत्तरात्मक प्रश्न २ ओटा, छोटा उत्तर आउने प्रश्न दुईओटा र लामो उत्तर आउने प्रश्न दुईओटा उत्तरकुञ्जिकासहित, प्रयोग तहबाट सिर्जनात्मक सिपबाट अति संक्षिप्त उत्तरात्मक प्रश्न २ ओटा, छोटा उत्तर आउने प्रश्न दुईओटा र लामो उत्तर आउने प्रश्न दुईओटा उत्तरकुञ्जिकासहित तथा उच्च दक्षताबाट अति संक्षिप्त उत्तरात्मक प्रश्न दुईओटा, छोटा उत्तर आउने प्रश्न दुईओटा र लामो उत्तर आउने प्रश्न दुईओटा उत्तरकुञ्जिकासहित बनाउन लगाउने
- आन्तरिक मूल्याङ्कनका आधारहरू अङ्कभारसहित प्रस्तुत गर्ने
- सामाजिक अध्ययनको कुनै एउटा परियोजना कार्यको मूल्याङ्कनका लागि रुब्रिक्सको निर्माण गर्ने

*नोट : सामग्री निर्माण र प्रयोगसम्बन्धी परियोजना कार्यको हकमा शिक्षा तालिम केन्द्रमा प्रतिवेदन पेस गर्दा सामग्रीसमेत पेस गर्नुपर्ने छ ।*

ΩΩΩ